नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## इलाम

☎ ०२७-५२०१२५
☎ ०२७-५२३९८८
email: cdoilam@gmail.com

पत्रसंख्याः- ०८२।०८३
चलानी नम्बरः २८६

मितिः २०८३/०२/०५
ने.सं. ११४६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

### हुलाक सेवा मार्फत घरमा नै राहदानी वितरण गर्ने सम्बन्धि सूचना ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको निर्देशन बमोजिम सेवाग्राहीलाई सरकारी सेवा अझ सहज, छिटोछरितो र प्रभावकारी रुपमा उपलब्ध गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय इलामबाट जारी हुने राहदानी हुलाक सेवा मार्फत समेत वितरण गर्ने व्यवस्था कार्यान्वयन गर्नका लागि जिल्ला प्रशासन कार्यालय, इलाम र जिल्ला हुलाक कार्यालय, इलाम बिच समझदारी/सम्झौता भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तसर्थ अब उप्रान्त राहदानीका लागि आवेदन दिने सेवाग्राहीहरुले आवेदन फाराम भर्ने समयमा नै आफ्नो राहदानीः हुलाक सेवा मार्फत घरमै प्राप्त गर्ने वा कार्यालयमा स्वयंम उपस्थित भई बुझिलिने भन्ने सम्बन्धमा आफुले उपयुक्त विकल्प छनौट गर्नुपर्नेछ । ततः पश्चात हुलाक सेवा मार्फत घरमा नै राहदानी प्राप्त गर्न इच्छुक सेवाग्राहीहरुले आवश्यक विवरण स्पष्टरुपमा उल्लेख गरी सम्बन्धित कर्मचारी समक्ष फाराम पेश गर्नुपर्नेछ ।

यस सम्बन्धमा थप जानकारी लिनु परेमा जिल्ला प्रशासन कार्यालय, इलामको राहदानी शाखामा सम्पर्क गर्नुहुन समेत जानकारीको लागि अनुरोध छ ।

राजु प्रसाद पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
इलाम

फोन नं.: ०२७-५२३००५,५२००५०
हु.सं.नं-५७३००
पोष्टल कोड-११००३
इलाम, कोशी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३ (प्रशासन)
च.नं.:-

मितिः-२०८३।०२।०५ गते

## हुलाक सेवा मार्फत घरमै राहदानी वितरण गर्ने सम्बन्धी सूचना !!

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको बुदाँ नम्बर २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकरण गरी Government courier service का रुपमा विकास गर्ने जस मार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाईसेन्स लगायतका सरकारी कागजातहरु/सामग्रीहरु घरमै पुऱ्याउने व्यवस्था १०० दिन भित्र लागू गर्ने भनी उल्लेख भएको साथै हुलाक सेवा विभागको च.नं.१३५२ मिति २०८२।१२।२२ गते निर्देशानुसार राहदानी सेवाग्राहीको घरदैलोमा वितरण गर्ने प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालय, इलाम र जिल्ला हुलाक कार्यालय, इलाम बीच मिति २०८३।०२।०५ गते राहदानी हुलाक कार्यालयमार्फत सुरक्षित रुपमा सेवाग्राहीको घरदैलोमा पुऱ्याउने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

जिल्ला प्रशासन कार्यालय इलाममा राहदानीको आवेदन गर्न आउने सेवाग्राहीले आफ्नो राहदानी हुलाक कार्यालयमार्फत लिन ईच्छुक भएमा तोकिएको फाराम भरी हुलाक टिकट टास गरिएको खामसहित जिल्ला प्रशासन कार्यालय इलामको राहदानी शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

(विदुर गौतम)

हुलाक अधिकृत

# हुलाक मार्फत राहदानी (passport) घरदैलोमै बुझिलिने प्रयोजनको फाराम

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको बुदाँ नम्बर २७ मा सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकरण गरी Government courier service का रुपमा विकास गर्ने जस मार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाईसेन्स लगायतका सरकारी कागजातहरु/सामग्रीहरु घरमै पुऱ्याउने व्यवस्था लागु गर्ने सन्दर्भमा राहदानी घरदैलोमै लिन ईच्छुक सेवाग्राहीले भर्ने मञ्जरी फाराम

१. राहदानीको कोड नं.

२. नामः

३. सम्पर्क नं.

४. ठेगानाः

क) जिल्लाः-

ख) गाउँपालिका/नगरपालिकाः-

ग) वडाः-

घ) टोलः-

ङ) घरको लोकेसनको स्केच (जस्तै स्कुल चौतारा) -

| |
|---|
| |

५. बुवाको नाम र सम्पर्क नं.

६. आमाको नाम सम्पर्क नं.

७. पासपोर्ट बनाउन छाडेको मितिः

८. आफ्नो अनुपस्थितिमा राहदानी बुझ्न मञ्जुर गरेको ईच्छाएको व्यक्तिको

नामः

नाता सम्बन्धः

सम्पर्क नं

९. हुलाक सेवा मार्फत सेवा लिएबापत लाग्ने तपसिल बमोजिमको हुलाक महसुल दरको टिकट टास गरी एक प्रति खाम यसै फारामसाथ संलग्न राखेको छु ।

क) ३४ पेजको राहदानीको लागि रु. ५५ ☐

ख) ६६ पेजको राहदानीको लागि रु. ६५ ☐

निवेदकको

नामः

मितिः

दस्तखतः

घरघरमा हुलाक मनमनमा हुलाक

# हुलाकमार्फत घरबाटै राहदानी बुझिलिन ईच्छुक सेवाग्राहीका लागि सूचना

- जिल्ला प्रशासन कार्यालयमा राहदानी फाराम भरिसकेपछि घरबाटै राहदानी बुझिलिने प्रयोजनको लागि एक अलग फाराम भर्नुपर्नेछ। उक्त फाराममा आफ्नो नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गर्नुका साथै आफ्नो अनुपस्थितिमा राहदानी बुझाउन/बुझिलिन मञ्जरी दिएको व्यक्तिको नाम र सम्पर्क नं. लगायतका विवरण राख्नु पर्नेछ ।
- आफ्नो घर ठेगानामा पुग्नको लागि भुगोलको पहिचान हुने गरी घरबाटो, चोक,स्कुल लगायतका चिनारी सहित नक्सा (स्केच) समेत उल्लेख गरिदिनुपर्नेछ।
- तोकिएको फाराम भरी ३४ पानाको पातलो राहदानीको हकमा रु.५५ र ६६ पानाको मोटो राहदानीको लागि रु.६५ को हुलाक टिकट टास गरी पाउनेको नाम ठेगाना सम्पर्क नं. लेखी एक प्रति खाम छाड्नुपर्नेछ । राहदानी प्राप्त भएपछि सोही खाममा राखेर हुलाक कार्यालयले राहदानी सेवाग्राहीको घरमा वितरण गर्नेछ।
- हुलाकका कर्मचारी नागरिकता बुझाउन आउदा सेवाग्राहीले सक्कल नागरिकता/ राष्ट्रिय परिचयपत्र/ राहदानी आवेदन गरेको enrollment slip मध्ये कुनै एक देखाई तोकिएको भरपाईमा हस्ताक्षर गर्नुपर्नेछ ।

जिल्ला प्रशासन कार्यालय
इलाम

जिल्ला हुलाक कार्यालय
इलाम

**प्रेषक**




**प्रापक**

नाम थरः-

पुरा ठेगानाः-

टोल/घर नं.-

सम्पर्क नं-

राहदानी कोड नं.-

घरको लोकेसनको सक्षिप्त चिनारीः-

राहदानी बुझिलिन ईच्छाएको/ मञ्जुर गरेको व्यक्तिको नामः-

सम्पर्क नं.